स्वस्थ,स्वच्छ,स्वतन्त्र र स्वाभिमान,सम्वृद्ध समाज निर्माणको लागि हाम्रो संचार अभियान

# जनतापत्र

Janatapatra weekly

साप्ताहिक

जि.प्रशा.का.सि.पा.द.नं. ७१-०७०।७१  जि.हु.का.सि.पा.द.नं. २५-०७०।७१

वर्ष -१४ , अंक-२ | २०८३ साउन ११, सोमवार | july 27, 2026 | मुल्य रु.- १० । | jantapatra.com

## ड्रागन फल खेतीले ल्यायो नयाँ आशा,

# किसान व्यावसायिक कृषितर्फ आकर्षित

**जनतापत्र , चौतारा**

चौतारा साँगाचोकगढी नगरपालिका-१४ डडुवाका किसानहरू पछिल्लो समय परम्परागत खेती प्रणालीबाट व्यावसायिक फलफूल खेतीतर्फ आकर्षित हुन थालेका छन् । स्थानीय किसानले सुरु गरेको ड्रागन फल खेतीले राम्रो उत्पादन दिन थालेपछि गाउँमा नयाँ उत्साह थपिएको छ । उच्च मूल्य र बजारको सम्भावनाका कारण किसानहरू ड्रागन फल खेती विस्तार गर्ने योजनामा लागेका छन् ।

केही वर्षअघिसम्म डडुवा क्षेत्रमा अधिकांश किसान मकै, धान, कोदो, गहुँलगायत परम्परागत बालीमा निर्भर थिए । सीमित आम्दानी र बढ्दो उत्पादन लागतका कारण किसानले वैकल्पिक आम्दानीको स्रोत खोजिरहेका बेला ड्रागन फल खेती उनीहरूका लागि नयाँ अवसर बनेको हो । कम क्षेत्रफलबाट पनि राम्रो आम्दानी लिन



सकिने भएकाले पछिल्लो समय धेरै किसान यस खेतीतर्फ आकर्षित भएका छन् ।

किसानका अनुसार डडुवाको हावापानी ड्रागन फल उत्पादनका लागि उपयुक्त देखिएको छ । पर्याप्त घाम लाग्ने क्षेत्र, राम्रो माटो र उचित सिँचाइ व्यवस्थापन गर्न सके उत्पादन राम्रो हुने उनीहरूको अनुभव छ । सुरुवाती चरणमा केही किसानले परीक्षणका रूपमा सुरु गरेको खेती अहिले विस्तार हुँदै गएको छ ।

स्थानीय किसानहरूले आधुनिक कृषि प्रविधि अपनाउँदै ड्रागन फलका बिरुवा रोपेका छन् । उचित दूरी कायम गरी बिरुवा लगाउने, मल व्यवस्थापन गर्ने, रोग तथा किराको नियन्त्रण गर्ने र नियमित स्याहार गर्ने काममा किसानले ध्यान दिइरहेका छन् । उत्पादन बजारमा आउन थालेपछि किसानले उपभोक्ताबाट सकारात्मक प्रतिक्रिया पाउन थालेका छन् ।

ड्रागन फल स्वास्थ्यका दृष्टिले पनि निकै उपयोगी मानिन्छ । यसमा शरीरलाई आवश्यक पर्ने विभिन्न पोषक तत्व पाइने भएकाले यसको माग बढ्दै गएको छ । बजारमा यसको मूल्य राम्रो भएकाले किसानले अन्य परम्परागत बालीको तुलनामा यसबाट बढी आम्दानी लिन सकिने विश्वास गरेका छन् ।

स्थानीय किसानका अनुसार स्वदेशमै उत्पादन भएको ताजा फल उपभोग गर्ने

**वाकी पेज नं ६ मा**

## बर्खाले थलियो तातोपानी नाका

**जनतापत्र, बलेफी**

नेपाल-चीनबीचको प्रमुख व्यापारिक प्रवेशद्वारका रूपमा परिचित तातोपानी नाका यस वर्षको वर्षायाममा फेरि समस्याग्रस्त बनेको छ । लगातारको वर्षा, पहिरो र सडक क्षतिका कारण नाकासम्म पुग्ने सडक अवरुद्ध हुँदा आयात-निर्यात, ढुवानी र स्थानीय जनजीवनमा प्रत्यक्ष असर परेको छ । अन्तर्राष्ट्रिय व्यापारसँग जोडिएको यो नाका प्रत्येक वर्ष बर्खायाममा उस्तै समस्याबाट प्रभावित हुने गरे पनि दीर्घकालीन समाधान अझै हुन नसक्दा व्यवसायी, ढुवानीकर्ता र स्थानीयवासी चिन्तित बनेका छन् ।अरनिको राजमार्गअन्तर्गत बाह्रबिसे-कोदारी सडकखण्डका विभिन्न स्थानमा पहिरो झरेपछि मालवाहक कन्टेनरको आवागमन प्रभावित भएको छ । कतिपय स्थानमा सडक भासिएको छ भने केही स्थानमा लेदो र ढुंगा थुप्रिँदा सवारीसाधन लामो समय रोकिएका छन् । सडक अवरोधले चीनबाट नेपाल आउने सामान समयमै गन्तव्यसम्म पुग्न नसकेको व्यवसायीहरू बताउँछन् । यसले व्यापारिक लागत बढ्नुका साथै बजारमा वस्तुको आपूर्तिमा समेत असर पर्ने संकेत देखिएको छ ।विशेषगरी चाडपर्व नजिकिँदै गर्दा चीनबाट आयात हुने विद्युतीय सामग्री, लत्ताकपडा, दैनिक उपभोग्य वस्तु तथा अन्य व्यापारिक सामान ढुवानीमा ढिलाइ भएको छ । समयमै सामान नआए व्यापारिक योजना प्रभावित हुने र उपभोक्ताले समेत महँगीको सामना गर्नुपर्ने अवस्था आउन सक्ने व्यवसायीहरूको भनाइ छ । केही व्यापारीले सामान सीमाक्षेत्रमै रोकिएको र थप भाडा तिर्नुपरेको गुनासो गरेका छन् ।ढुवानी व्यवसायीहरूका अनुसार सबैभन्दा ठूलो चुनौती सडकको असुरक्षित अवस्था हो । पहिरो खस्ने जोखिम भएका स्थानमा घण्टौँसम्म सवारी रोक्नुपर्दा चालकको ज्यानसमेत जोखिममा परेको छ । निरन्तर वर्षा भइरहेका कारण पहिरो हटाएपछि पनि फेरि सडक अवरुद्ध हुने क्रम दोहोरिएको छ ।

स्थानीयवासीहरूले तातोपानी नाका राष्ट्रिय अर्थतन्त्रसँग प्रत्यक्ष जोडिएको क्षेत्र भएकाले यसको संरक्षण र स्तरोन्नतिलाई प्राथमिकता दिनुपर्ने बताएका छन् । वर्षेनी दोहोरिने समस्या अन्त्य गर्न पहिरो नियन्त्रण, पर्खाल निर्माण, पानी निकास व्यवस्थापन र सडकको गुणस्तरीय मर्मत आवश्यक रहेको उनीहरूको माग छ ।सडक खुलाउन सम्बन्धित निकायले डोजर, एक्साभेटर तथा अन्य उपकरण परिचालन गरे पनि निरन्तर वर्षाका कारण काम अपेक्षित गतिमा अघि बढ्न सकेको छैन । प्राविधिकहरूका अनुसार मौसममा सुधार आएपछि मात्र स्थायी रूपमा सडक सञ्चालन गर्न सहज हुनेछ ।

यसैबीच व्यापार क्षेत्रका जानकारहरूले नेपाल-चीन व्यापारलाई दीर्घकालीन रूपमा सुरक्षित बनाउन उत्तरी नाकासम्म पुग्ने सडकलाई सबै मौसममा सञ्चालनयोग्य बनाउनुपर्ने बताएका छन् । यसो गर्न सके आयात लागत घट्ने, ढुवानी समय छोटिने र नेपाली बजारमा सामानको मूल्यसमेत स्थिर राख्न सहयोग पुग्ने उनीहरूको विश्वास छ ।

स्थानीय उद्योग-व्यवसाय, पर्यटन तथा रोजगार ीसँग प्रत्यक्ष सम्बन्ध राख्ने तातोपानी नाकालाई दीर्घकालीन योजनाअन्तर्गत विकास गर्न सके मात्र हरेक वर्ष दोहोरिने समस्या अन्त्य हुने देखिन्छ ।

## असारमा प्रहरी सक्रिय

**जनतापत्र, चौतारा**

जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकले आर्थिक वर्ष २०८२/८३ को असार महिनामा सम्पादन गरेका सुरक्षा तथा जनसेवासम्बन्धी गतिविधिको विवरण सार्वजनिक गरेको छ । जिल्लाभर शान्ति सुरक्षा कायम राख्ने, अपराध नियन्त्रण गर्ने, फरार प्रतिवादी पक्राउ गर्ने, लागुऔषध नियन्त्रण, ट्राफिक व्यवस्थापन तथा विपद् तयारीलाई प्राथमिकतामा राखेर काम गरिएको कार्यालयले जनाएको छ ।

प्रहरीका अनुसार असार महिनाभर नियमित गस्ती, सवारी साधन जाँच, संवेदनशील क्षेत्रको निगरानी तथा नागरिकसँग प्रत्यक्ष अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो । सम्भावित आपराधिक गतिविधि नियन्त्रण गर्न

**वाकी पेज नं ६ मा**

प्रकाशक
टीका सुवेदी
सम्पादक
दिनेश सापकोटा
कम्प्युटर : जनतापत्र डेक्स
मुद्रण : सेवा अफसेट प्रेस
सम्पर्क : ९८४१९८९०८७
इमेलः weeklyjanatapatra70@gmail.com
ठेगाना : चौतारा, सिन्धुपाल्चोक

सम्पादकिय

## सचेत उपभोक्ताः सुरक्षित र पारदर्शी बजारको आधार

**दैनिक जीवनमा उपभोग्य वस्तु तथा सेवा खरिद गर्दा सजग हुनु प्रत्येक नागरिकको कर्तव्य र अधिकार हो। बजारमा मिसावट, गुणस्तरहीन सामान, तोकिएको भन्दा बढी मूल्य असुली र नापतौलमा ठगी जस्ता समस्या कायमै रहेकाले सचेत उपभोक्ता बन्नुको विकल्प छैन ।**

**सामान खरिद गर्दा उत्पादकको नाम, ठेगाना, दर्ता नम्बरका साथै उत्पादन र उपभोग गरिसक्नुपर्ने (म्याद सकिने) मिति अनिवार्य रूपमा हेर्नुपर्छ। गुणस्तर प्रमाण, वस्तुको परिमाण, मिश्रण र अधिकतम खुद्रा मूल्य यकिन गरेर मात्र सामान लिनु बुद्धिमानी हुन्छ। यस्तै, सामान प्रयोग गर्ने तरिका र अपनाउनुपर्ने सावधानीबारे पूर्वजानकारी राख्दा सम्भावित दुर्घटना वा नोक्सानीबाट बच्न सकिन्छ।व्यापारिक कारोबारलाई पारदर्शी बनाउन बैंकिङ वा डिजिटल माध्यमबाट भुक्तानी गर्ने र अनिवार्य रूपमा बीजक (बिल) लिने बानी बसाल्नुपर्छ। बिलले उपभोक्तालाई कानुनी संरक्षण प्रदान गर्नुका साथै राज्यको राजस्व अभिवृद्धिमा समेत योगदान पुऱ्याउँछ। तसर्फ, अधिकारप्रति सजग र कर्तव्यप्रति जिम्मेवार बन्दै स्वच्छ, प्रतिस्पर्धी र पारदर्शी बजार निर्माणमा उपभोक्ता स्वयं अग्रसर हुनु आजको आवश्यकता हो।**

विचारपत्र

# विभाजन भएकै हो कांग्रेस ?

राममणि पोखरेल

**शान्ति प्रक्रियामा आएपछि माओवादीहरू पनि यही प्रणालीमा समावेश भए । माओवादीको उग्रता वा १७ हजारको बलिदानीले मात्रै राजतन्त्र उन्मूलन भएको होइन । नेपाली कांग्रेसका तत्कालीन नेतृत्वको दूरदर्शिता र बाह्य शक्तिहरूसँगको कूटनीतिक संवादको पनि यसमा उत्तिकै भूमिका छ ।**

नेपाली कांग्रेसको स्थापनाको झन्डै ८ दशक बितिसकेको छ । यस अवधिमा नेपालमा ठुला राजनीतिक परिवर्तनहरू भए । २००७ सालको क्रान्तिले जहानियाँ राणाशासनको अन्त्य गऱ्यो । यहीँबाट आधुनिक नेपालको यात्रा प्रारम्भ भयो । राजनीतिक दलहरू खुला भए र विचारका आधारमा विभिन्न पार्टीहरूको उदय भयो ।

स्थापनाकालदेखि नै नेपाली कांग्रेसले नेपालको भू-राजनीतिक संवेदनशीलता र दुई ठुला छिमेकी राष्ट्रहरूको बीचमा रहनुपरेको बाध्यतालाई राम्ररी बुझेको थियो । त्यसैले उसले बहुदलीय व्यवस्था, संसदीय प्रणाली र संवैधानिक राजतन्त्रको कार्यदिशा तय गऱ्यो । २००८ देखि २०१४ सालसम्म राजा निरंकुश बन्ने अभिलाषामै रहे । अन्ततः भद्र अवज्ञा आन्दोलनको दबाबका कारण २०१५ सालमा आमनिर्वाचन गराउन राजा बाध्य भए ।

२०१५ देखि २०१७ सालसम्म राजा संवैधानिक भूमिकामा रहे पनि २०१७ देखि २०४६ सालसम्म निरंकुश पञ्चायती शासन लादियो । २०३६ सालको जनमतसंग्रह र २०४२ सालको सत्याग्रह हुँदै २०४६ सालको ऐतिहासिक जनआन्दोलनले राजालाई दलहरूसामु झुक्न र पुनः संवैधानिक बन्न विवश बनायो । उक्त आन्दोलनमा वामपन्थीलगायत अन्य दलहरूको पनि ठुलो त्याग र योगदान थियो, तर आन्दोलनको नेतृत्वको शीर्ष स्थानमा नेपाली कांग्रेस नै रह्यो । आन्तरिक संकट जस्तोसुकै आए पनि संघर्षको अग्रमोर्चामा कांग्रेस नै देखियो ।

लामो इतिहास बोकेको, सत्ता बाहिर रहेर पनि नागरिकका मौलिक अधिकारका लागि पटक-पटक संघर्ष गरेको र जनताको जनादेशबाट सत्ता सञ्चालन गरेको दलमा विभिन्न कालखण्डमा स्वार्थी वा गलत पात्रहरू नजन्मेका होइनन् । तर, जनताको निरन्तर संघर्ष र अन्य राजनीतिक दलहरूको रचनात्मक आलोचनाका कारण ती पात्रहरू क्रमिक रूपमा किनारा लाग्दै गए । अनुकूल समयमा यस्ता पात्रहरू जन्मिने, सेलाउने र किनारा लाग्ने प्रक्रिया समाज विकासकै एउटा तथ्यगत नियम हो ।२०४७ सालको संविधानले संवैधानिक राजतन्त्रलाई पुनः स्थापित गरेको थियो । कांग्रेस र एमालेले पालैपालो सरकार चलाए र आ-आफ्ना महाधिवेशनहरू गरे । २०५२ सालदेखि नेकपा माओवादीले सशस्त्र विद्रोह सुरु नगरेको भए सम्भवतः राजा वीरेन्द्रको वंशनाश हुने थिएन । पाएको अधिकार र सत्तालाई बुद्धिमत्तापूर्वक सम्हाल्न नसक्दा राजा ज्ञानेन्द्रले प्रत्यक्ष शासन हातमा लिएर प्रतिगमन गरे । त्यही पेरीफेरीमा नेपाली कांग्रेस विभाजित हुन पुग्यो ।

सोभियत संघको विघटनपछि विश्वभर उठेको जातीय पहिचानको मुद्दा माओवादीले नेपालमा भित्र्यायो । त्यसबेला कांग्रेसले जातीय पहिचानका नाममा आएका गलत अवधारणाहरूलाई चिर्न सकेन र एक प्रकारले रमिते बन्यो । नेकपा एमाले पनि प्रतिस्पर्धात्मक राजनीति र सांगठनिक विषयमा अल्झिएकाले माओवादीका कतिपय अडानमा मौन बस्यो ।माओवादीले नेपाल बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक र बहुजातीय सानो मुलुक हो भन्ने संवेदनशील यथार्थलाई ध्यान दिएन । 'राजनीतिक सत्ता बन्दुकको नालबाट जन्मन्छ' भन्ने नारा दिएर सोझा जनतालाई हिंसामा होम्मियो । नेपालमा भर्खरै प्रजातन्त्र आएको र यो पूर्ण रूपमा संस्थागत भइनसकेको नाजुक अवस्थामा हिंसात्मक गतिविधि गराइयो ।

ठुलो नरसंहार त भयो, तर बन्दुकका भरमा सत्ता प्राप्त हुन सक्दैन भन्ने बुझेपछि नै माओवादी हतियार बिसाउन बाध्य भएको हो । २०६२/०६३ सालको जनआन्दोलन त वास्तवमा दलहरूले राजाको प्रतिगमनविरुद्ध गरेका थिए । यही मौकामा माओवादीले सम्झौतामार्फत हतियार बिसाएर शान्तिपूर्ण राजनीतिमा आउने बाटो रोज्यो ।

नेपालमा बहुदलीय व्यवस्था र संसदीय प्रणालीको मुख्य प्रणेता नेपाली कांग्रेस नै हो । शान्ति प्रक्रियामा आएपछि माओवादीहरू पनि यही प्रणालीमा समावेश भए । माओवादीको उग्रता वा १७ हजारको बलिदानीले मात्रै राजतन्त्र उन्मूलन भएको होइन । नेपाली कांग्रेसका तत्कालीन नेतृत्वको दूरदर्शिता र बाह्य शक्तिहरूसँगको कूटनीतिक संवादको पनि यसमा उत्तिकै भूमिका छ । पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको दूरदर्शिता र उदारता नभएको भए माओवादी आन्दोलन त्यत्तिकै दबिन पनि सक्थ्यो ।

आज नेपाली कांग्रेसभित्र जुन कलह र आन्तरिक द्वन्द्व देखिएको छ, त्यो वर्तमान राष्ट्रिय परिप्रेक्ष्यमा सर्वथा असान्दर्भिक छ । पुराना नेताहरूको चेतना कि त जड हुँदै गएको छ, कि त उनीहरू बाह्य शक्तिको इसारामा सञ्चालित हुन खोज्दै छन् । रुख बुढो भएपछि ढलेर बाटो छेकेको जस्तै स्थिति सिर्जना भएको छ ।

वर्तमान प्रतिनिधिसभामा नेपाली कांग्रेस प्रमुख प्रतिपक्षी दलको भूमिकामा छ । यदि कांग्रेसका नेताहरूले संसद्मा परिपक्व र सशक्त अभिव्यक्ति नदिने हो भने प्रतिनिधिसभा प्रतिपक्षविहीन जस्तै बन्न पुग्छ । राष्ट्रिय प्रजातन्त्र पार्टी जस्ता दलहरू बोल्न खोजे पनि उनीहरूको उपस्थिति र जनमतका कारण उति पत्यारिलो मानिँदैन । अन्य साना दलहरूको आवाजमा पनि त्यो गम्भीरता र साहस देखिँदैन ।

यदि नेपाली कांग्रेस पुनः विभाजित भयो भने मुलुकको लोकतन्त्र कमजोर हुनेछ । आन्तरिक अस्थिरता बढेर गैरसंवैधानिक शक्तिहरू हाबी हुन सक्छन् वा विदेशी षड्यन्त्रहरू अझ फस्टाउन सक्छन् । चौताराको पुरानो वरपिपल आँधीबेहरीले ढलेर जरा उक्किँदा बनेको खाल्डो समयमै पुरिएन भने त्यो रुख सुकेर नष्ट हुन्छ र वरपरको वातावरणलाई नै असर पार्छ । नेपाली कांग्रेस पनि यो मुलुकको लोकतन्त्रका लागि त्यस्तै वरपिपल हो ।

हामी दुई ठुला शक्ति राष्ट्रहरूको बीचमा छौँ । त्यसैले हाम्रा शासकहरू अत्यन्त होसियार, सचेत र विवेकी हुनुपर्छ । असंलग्न परराष्ट्र नीति र 'एक चीन नीति'प्रति नेपाल सधैँ प्रतिबद्ध छ । सुगौली सन्धिको ६० वर्षपछि फिर्ता पाएको भूभाग जस्तै देशको सार्वभौमिकता र अखण्डता हाम्रालागि संवेदनशील विषय हुन् । भू-राजनीतिक संवेदनशीलतालाई उपेक्षा गरेर राष्ट्रलाई संकटमा पार्ने कुनै पनि गतिविधि हुनु हुँदैन ।

नेपाली कांग्रेसका संस्थापक नेता एवं प्रथम जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाको निधन भएको ४ दशकभन्दा बढी भइसकेको छ । आज नेपाल आफ्नै आन्तरिक कारण र जटिल भू-राजनीतिक परिस्थितिका कारण संकटको मोडमा छ । यस्तो संगीन घडीमा मुलुकको लोकतन्त्र र संसदीय व्यवस्थाको मियोका रूपमा रहेको नेपाली कांग्रेस विभाजित हुनु पार्टीका लागि मात्र नभई सिंगो राष्ट्रकै लागि दुर्भाग्यपूर्ण हुनेछ । त्यसैले कांग्रेसका नेता तथा कार्यकर्ताहरूले समयमै गम्भीर भएर सोच्न आवश्यक छ ।

( सौय अन्लाइनवाट साभार

# मेलम्ची-नवलपुर-पाँचपोखरी जोड्ने नयाँ पुल, स्थानीयमा बढ्यो उत्साह

**जनतापत्र, चौतारा**



मेलम्ची-नवलपुर-पाँचपोखरी क्षेत्रलाई जोड्ने महत्वपूर्ण मोटरेबल पुल निर्माण अन्तिम चरणमा पुगेपछि स्थानीयवासीमा नयाँ उत्साह छाएको छ । लामो समयदेखि अस्थायी संरचना र जोखिमपूर्ण यात्रा गर्न बाध्य बनेका नागरिक अब स्थायी पुल सञ्चालनको प्रतीक्षामा छन् । पुल निर्माण सम्पन्न भएपछि उत्तरी सिन्धुपाल्चोकका हजारौं नागरिकको आवतजावत सहज हुने अपेक्षा गरिएको छ ।

विसं २०७८ सालमा आएको विनाशकारी मेलम्ची बाढीले यस क्षेत्रको पूर्वाधारमा ठूलो क्षति पुऱ्याएको थियो । बाढीले पुरानो पुल बगाएपछि स्थानीयवासीले वर्षौंसम्म अस्थायी बाटो र वैकल्पिक संरचनाको भरमा यात्रा गर्दै आएका थिए । विशेषगरी वर्षायाममा नदीमा पानीको बहाव बढ्दा आवतजावत जोखिमपूर्ण हुने गरेको थियो ।

नयाँ पुल निर्माणसँगै अब लामो समयदेखिको यातायात समस्या समाधान हुने विश्वास गरिएको छ । पुल निर्माण कार्य अन्तिम चरणमा पुगेपछि स्थानीय, व्यवसायी, किसान तथा यात्रुहरूमा खुसी छाएको छ । स्थायी पुल सञ्चालन भएपछि सुरक्षित र सहज यातायातको सुविधा प्राप्त हुने उनीहरूको अपेक्षा छ ।

मेलम्ची-नवलपुर-पाँचपोखरी सडक क्षेत्र स्थानीय जनजीवनसँग प्रत्यक्ष जोडिएको महत्वपूर्ण मार्ग हो । यस सडकमार्फत दैनिक उपभोग्य वस्तु, कृषि उत्पादन, निर्माण सामग्री तथा अन्य आवश्यक सामग्रीको ढुवानी हुँदै आएको छ । पुल नहुँदा सवारी सञ्चालनमा समस्या हुनुका साथै स्थानीय उत्पादन बजारसम्म पुऱ्याउन कठिनाइ हुने गरेको थियो ।

किसानहरूका अनुसार पुल सञ्चालनमा आएपछि गाउँमा उत्पादन हुने तरकारी, फलफूल, पशुजन्य उत्पादन तथा अन्य कृषि सामग्री सहज रूपमा बजारसम्म पुऱ्याउन सकिनेछ । यसले किसानको आम्दानी वृद्धि गर्न सहयोग पुग्ने विश्वास गरिएको छ । त्यस्तै, व्यापारी तथा व्यवसायीलाई पनि सामान ओसारपसारमा सहजता आउने अपेक्षा गरिएको छ ।

पुलले केवल यातायात सुविधा मात्र नभई शिक्षा, स्वास्थ्य र सामाजिक सेवामा समेत सकारात्मक प्रभाव पार्ने देखिएको छ । विद्यार्थीलाई विद्यालय तथा कलेज पुग्न सहज हुने, बिरामीलाई उपचारका लागि अस्पताल लैजान सजिलो हुने र सरकारी सेवा लिन जाने नागरिकलाई पनि समय तथा खर्च बचत हुने स्थानीयको भनाइ छ ।

मेलम्ची बाढीपछि प्रभावित संरचनाको पुनर्निर्माणका क्रममा निर्माण भइरहेको यो पुललाई क्षेत्रीय विकासको महत्वपूर्ण आधारका रूपमा हेरिएको छ । प्राकृतिक विपद्ले क्षति पुऱ्याएका पूर्वाधार पुनःनिर्माण हुँदा स्थानीय नागरिकमा विकासप्रतिको विश्वास बढेको छ ।

निर्माण कार्यमा संलग्न पक्षहरूले पुल निर्माणलाई प्राथमिकताका साथ अघि बढाएको जनाएका छन् । प्राविधिक मापदण्डअनुसार गुणस्तरीय निर्माण गर्दै समयमै सञ्चालनमा ल्याउने प्रयास भइरहेको बताइएको छ । स्थानीयवासीले पनि पुल निर्माणको कामप्रति सन्तुष्टि व्यक्त गर्दै बाँकी काम छिटो सम्पन्न गर्न आग्रह गरेका छन् ।

तर पुल सञ्चालनसँगै त्यससँग जोडिएका पहुँच सडकको स्तरोन्नति र नियमित मर्मतसम्भारमा पनि ध्यान दिनुपर्ने आवश्यकता औंल्याइएको छ । पुल मात्र निर्माण गरेर पुग्दैन, सडकको अवस्था राम्रो भए मात्र यसको पूर्ण लाभ लिन सकिने स्थानीयको भनाइ छ ।

स्थानीय सरकार र सम्बन्धित निकायले पुल सञ्चालनपछि क्षेत्रको आर्थिक तथा सामाजिक गतिविधि थप विस्तार हुने विश्वास व्यक्त गरेका छन् । पर्यटन विकासका दृष्टिले पनि यो पुल महत्वपूर्ण हुने अपेक्षा गरिएको छ । पाँचपोखरी, मेलम्ची क्षेत्र तथा आसपासका पर्यटकीय स्थलमा पुग्ने पर्यटकका लागि यातायात सहज हुने भएकाले पर्यटन व्यवसायले समेत गति लिने अनुमान गरिएको छ ।

स्थानीयवासीले नयाँ पुललाई विकास र सम्भावनाको प्रतीकका रूपमा लिएका छन् । उनीहरूका अनुसार वर्षौंदेखिको समस्या समाधान हुनु मात्र नभई यसले आगामी पुस्ताका लागि सहज यातायातको आधार तयार गर्नेछ ।


## चौतारा साँगाचोकगढी नगरपालिकाका अनुरोध

**नगरको समग्र विकास, सुशासन, स्वास्थ्य तथा सुरक्षित समाज निर्माणका लागि देहायका विषयमा सबै नगर वासीहरूलाई हार्दिक अनुरोध गर्दछौँः**

- जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्ध विच्छेदलगायतका व्यक्तिगत घटना घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य दर्ता गरौँ ⁄ गराऔँ ।
- कानुनी पहिचान र राज्यबाट प्राप्त हुने सेवाबाट वञ्चित नहुन घटना दर्ता समयमै गरौँ ।
- खाना र पानी शुद्ध बनाएर प्रयोग गरौँ ,ताजा र पोषणयुक्त खाना खाने बानी बसालौँ ।
- घर, कोठा र वरपरको वातावरण सफा राखौँ,नियमित रूपमा हात धुने र व्यक्तिगत सरसफाइमा ध्यान दिऔँ।
- बालबालिका र वृद्धवृद्धालाई विशेष स्वास्थ्य ध्यान दिऔँ।
- खोप कार्यक्रम पूरा गरौँ र नियमित स्वास्थ्य जाँच गराऔँ ।
- गर्भवती महिला तथा सुत्केरी आमाको नियमित स्वास्थ्य परीक्षण गराऔँ।
- घरेलु हिंसा, लैगिंक हिंसा र मानसिक उत्पीडन अन्त्य गर्न सबै सचेत बनौँ।
- बालविवाह, छुवाछुत, अन्धविश्वास र नशा दुर्व्यसनजस्ता सामाजिक कुरीतिहरू हटाउन सामूहिक प्रयास गरौँ।
- बालबालिकालाई विद्यालय पठाऔँ र बालश्रम पूर्ण रूपमा रोकौँ।
- बालमैत्री वातावरण निर्माण गरी बालअधिकारको संरक्षण गरौँ।
- कृषिको व्यवसायीकरण गर्दै किसानलाई सम्मान गरौँ।
- उत्पादनशील तथा आर्थिक रूपमा लाभदायी कृषि वस्तु उत्पादनमा जोड दिऔँ।
- आत्मनिर्भर नगरपालिका निर्माणमा सबैको सहकार्य सुनिश्चित गरौँ।
- सामाजिक उपक्रम र स्थानीय उद्यम प्रवर्द्धन गरौँ।
- विकास निर्माणका योजनाहरू दीर्घकालीन, गुणस्तरीय र सुरक्षित बनाऔँ।
- निर्माण सम्पन्न योजनाको संरक्षण, सुरक्षा र अपनत्व ग्रहण गरौँ।
- पालिका तथा वडा कार्यालयबाट हुने सेवा प्रवाहबारे जानकारी लिऔँ।
- सेवा सम्बन्धी गुनासो वा सुझाव भएमा नगर ⁄ वडामा पेश गरौँ।
- आमा समूह, युवा क्लब तथा समुदायका संघसंस्थाको सक्रिय सहभागिता बढाऔँ।
- शिक्षा र भौतिक पूर्वाधारमार्फत समुदायलाई सशक्त बनाऔँ।
- सरकारी तथा सार्वजनिक संरचनाको संरक्षण गरौँ र निर्माण मापदण्ड अपनाऔँ।

**चौतारा साँगाचोकगढी नपा.**
**नगरपालिकाको कार्यालय,**
**सिन्धुपाल्चोक**

# वडावासीलाई स्वास्थ्य छुट

**जनतापत्र, चौतारा**

चौतारा साँगाचोकगढी नगरपालिका-१० का नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज र सहुलियतपूर्ण रूपमा उपलब्ध गराउने उद्देश्यले वडा कार्यालय र काठमाडौं मेडिकल कलेज (केएमसी) अस्पताल, दुवाकोटबीच स्वास्थ्य सेवा सहकार्य सम्बन्धी सम्झौता सम्पन्न भएको छ ।

उक्त सम्झौतापछि वडा नं. १० का नागरिकले विभिन्न स्वास्थ्य सेवामा विशेष छुट प्राप्त गर्ने भएका छन् ।

स्वास्थ्य सेवा महँगो बन्दै गएको वर्तमान अवस्थामा स्थानीय सरकार र निजी स्वास्थ्य संस्थाबीच भएको यो सहकार्यलाई नागरिक हितमा गरिएको महत्वपूर्ण पहलका रूपमा हेरिएको छ ।

सम्झौताअनुसार वडा नं. १० का स्थायी बासिन्दाले अस्पतालमा उपचार गराउँदा विभिन्न सेवामा २५ प्रतिशतदेखि ५० प्रतिशतसम्म छुट पाउनेछन् । त्यस्तै आर्थिक अवस्था अत्यन्त कमजोर भएका १० जना नागरिकलाई शतप्रतिशत निःशुल्क उपचार उपलब्ध गराइने व्यवस्था पनि गरिएको छ ।

वडाध्यक्षले स्वास्थ्य सेवा प्रत्येक नागरिकको आधारभूत अधिकार भएकाले उपचार खर्चकै कारण कुनै पनि नागरिक उपचारबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले सम्झौता गरिएको बताए । विपन्न, ज्येष्ठ नागरिक, एकल महिला तथा दीर्घरोगीहरूलाई यस योजनाले विशेष राहत पुग्ने अपेक्षा गरिएको छ ।

स्वास्थ्य सेवामा पहुँच विस्तार गर्न स्थानीय तहले निजी क्षेत्रसँग सहकार्य गर्ने अभ्यास पछिल्लो समय बढ्दै गएको छ । यसले सरकारी स्वास्थ्य संस्थामा पर्ने चाप केही कम हुनुका साथै नागरिकले विशेषज्ञ सेवा पनि सहज रूपमा प्राप्त गर्न सक्ने वातावरण सिर्जना हुने विश्वास गरिएको छ ।

केएमसी अस्पतालले पनि सामाजिक उत्तरदायित्व अन्तर्गत ग्रामीण क्षेत्रका नागरिकलाई सहुलियतपूर्ण उपचार उपलब्ध गराउन आफूहरू प्रतिबद्ध रहेको जनाएको छ । अस्पतालका प्रतिनिधिहरूका अनुसार भविष्यमा स्वास्थ्य शिविर, निःशुल्क स्वास्थ्य परीक्षण तथा स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गर्ने विषयमा समेत सहकार्य गर्न सकिनेछ ।

वडा कार्यालयले उपचारका लागि आवश्यक सिफारिस तथा प्रक्रिया सहज बनाउने जनाएको छ । यसका लागि नागरिकले वडा कार्यालयसँग सम्पर्क गरी आवश्यक कागजात पूरा गरेपछि अस्पतालबाट सहुलियत सेवा लिन सक्ने व्यवस्था मिलाइएको छ ।

स्थानीयवासीहरूले यस्तो कार्यक्रमले आर्थिक अभावका कारण उपचारमा ढिलाइ गर्ने समस्या कम हुने विश्वास व्यक्त गरेका छन् । विशेषगरी महँगो उपचार आवश्यक पर्ने बिरामीका लागि यस्तो छुट प्रभावकारी हुने उनीहरूको भनाइ छ ।

स्वास्थ्य क्षेत्रमा स्थानीय सरकार र निजी अस्पतालबीचको सहकार्यले नागरिकको जीवनस्तर सुधार गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ । आगामी दिनमा यस्ता कार्यक्रम अन्य वडामा समेत विस्तार गर्न सके धेरै नागरिक प्रत्यक्ष लाभान्वित हुने अपेक्षा गरिएको छ ।

# सुनकोसी हरियाली अभियान

**जनतापत्र, चौतारा**

सुनकोसी नदी किनारलाई थप आकर्षक, हराभरा र वातावरणमैत्री बनाउने उद्देश्यले बनेदेउ-बलेफी सडकखण्डमा वृहत् वृक्षारोपण अभियान सुरु गरिएको छ । डिभिजन वन कार्यालय सिन्धुपाल्चोक, होटल तथा रिसोर्ट व्यवसायी र सडक विभागको संयुक्त सहकार्यमा सञ्चालन गरिएको अभियानअन्तर्गत करिब पाँच सय फूल तथा सौन्दर्यमूलक बिरुवा रोपिएको छ ।

पर्यटनको सम्भावना बोकेको सुनकोसी करिडोरलाई प्राकृतिक रूपमा अझ आकर्षक बनाउने उद्देश्यले सुरु गरिएको अभियानमा कल्की, टेकोमा, गोल्डमोहर, करविर, असारेलगायतका विभिन्न प्रजातिका बिरुवा रोपिएका छन् । यी बिरुवाले केही वर्षपछि सडक किनारलाई हरियाली र रंगीन फूलले सजाउने अपेक्षा गरिएको छ ।

पछिल्ला वर्षहरूमा सुनकोसी क्षेत्र र्‍याफ्टिङ, क्याम्पिङ, बञ्जी जम्प, नदी किनारको मनोरञ्जन तथा प्राकृतिक दृश्यावलोकनका लागि लोकप्रिय गन्तव्य बन्दै गएको छ । पर्यटकको आकर्षण बढेसँगै क्षेत्रको सौन्दर्य जोगाउन स्थानीय सरोकारवालाले वृक्षारोपण अभियानलाई प्राथमिकता दिएका हुन् ।

कार्यक्रममा सहभागीहरूले पर्यटन विकास र वातावरण संरक्षण एकअर्काका पूरक विषय भएकाले हरियाली विस्तार आवश्यक रहेको बताए । सडक किनारमा बिरुवा रोपिँदा धुलो नियन्त्रण, तापक्रम सन्तुलन, जैविक विविधता संरक्षण र वातावरणीय सुधारमा समेत योगदान पुग्ने विश्वास व्यक्त गरिएको छ ।

सुकुटे क्षेत्रका पर्यटन व्यवसायीहरूले रोपिएका बिरुवाको संरक्षणलाई अभियानको सबैभन्दा महत्वपूर्ण पक्षका रूपमा लिएका छन् । बिरुवा रोपेर मात्रै नहुने भएकाले नियमित सिँचाइ, गोडमेल, तारबार तथा संरक्षणको जिम्मेवारी स्थानीय होटल तथा रिसोर्ट व्यवसायीहरूले लिने प्रतिबद्धता जनाएका छन् ।

स्थानीयवासीले पनि अभियानप्रति सकारात्मक प्रतिक्रिया दिएका छन् । उनीहरूका अनुसार नदी किनार र सडक क्षेत्र हरियाली हुँदा स्थानीय वातावरण सुन्दर बन्नुका साथै पर्यटन व्यवसायमा समेत सकारात्मक प्रभाव पर्नेछ । भविष्यमा यसले स्थानीय युवाका लागि रोजगारीका अवसरसमेत सिर्जना गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

डिभिजन वन कार्यालयले वातावरण संरक्षणमा समुदायको सहभागिता आवश्यक रहेको उल्लेख गर्दै आगामी वर्षहरूमा पनि यस्ता अभियानलाई निरन्तरता दिने जनाएको छ । सडक किनार, सार्वजनिक स्थल तथा पर्यटकीय क्षेत्रलाई हरियाली बनाउने लक्ष्यका साथ थप बिरुवा रोप्ने योजना रहेको जानकारी दिइएको छ ।

पर्यटन, वातावरण संरक्षण र स्थानीय समुदायबीचको सहकार्यबाट सुरु भएको यो अभियान सफल भए सुनकोसी करिडोर प्रदेशकै नमुना पर्यटकीय मार्गका रूपमा विकास हुन सक्ने विश्वास गरिएको छ ।


## मेलम्ची नगरपालिकाका अनुरोध

**नगरको समग्र विकास, सुशासन, स्वास्थ्य तथा सुरक्षित समाज निर्माणका लागि देहायका विषयमा सबै नगर वासीहरूलाई हार्दिक अनुरोध गर्दछौं:**

- जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्ध विच्छेदलगायतका व्यक्तिगत घटना घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य दर्ता गरौँ/गराऔँ ।
- कानुनी पहिचान र राज्यबाट प्राप्त हुने सेवाबाट वञ्चित नहुन घटना दर्ता समयमै गरौँ ।
- खाना र पानी शुद्ध बनाएर प्रयोग गरौँ ,ताजा र पोषणयुक्त खाना खाने बानी बसालौँ ।
- घर, कोठा र वरपरको वातावरण सफा राखौँ,नियमित रूपमा हात धुने र व्यक्तिगत सरसफाइमा ध्यान दिऔँ।
- बालबालिका र वृद्धवृद्धालाई विशेष स्वास्थ्य ध्यान दिऔँ।
- खोप कार्यक्रम पूरा गरौँ र नियमित स्वास्थ्य जाँच गराऔँ ।
- गर्भवती महिला तथा सुत्केरी आमाको नियमित स्वास्थ्य परीक्षण गराऔँ।
- घरेलु हिंसा, लैगिंक हिंसा र मानसिक उत्पीडन अन्त्य गर्न सबै सचेत बनौँ।
- बालविवाह, छुवाछुत, अन्धविश्वास र नशा दुर्व्यसनजस्ता सामाजिक कुरीतिहरू हटाउन सामूहिक प्रयास गरौँ।
- बालबालिकालाई विद्यालय पठाऔँ र बालश्रम पूर्ण रूपमा रोकौँ।
- बालमैत्री वातावरण निर्माण गरी बालअधिकारको संरक्षण गरौँ।
- कृषिको व्यवसायीकरण गर्दै किसानलाई सम्मान गरौँ।
- उत्पादनशील तथा आर्थिक रूपमा लाभदायी कृषि वस्तु उत्पादनमा जोड दिऔँ।
- आत्मनिर्भर नगरपालिका निर्माणमा सबैको सहकार्य सुनिश्चित गरौँ।
- सामाजिक उपक्रम र स्थानीय उद्यम प्रवर्द्धन गरौँ।
- विकास निर्माणका योजनाहरू दीर्घकालीन, गुणस्तरीय र सुरक्षित बनाऔँ।
- निर्माण सम्पन्न योजनाको संरक्षण, सुरक्षा र अपनत्व ग्रहण गरौँ।
- पालिका तथा वडा कार्यालयबाट हुने सेवा प्रवाहबारे जानकारी लिऔँ।
- सेवा सम्बन्धी गुनासो वा सुझाव भएमा नगर/वडामा पेश गरौँ।
- आमा समूह, युवा क्लब तथा समुदायका संघसंस्थाको सक्रिय सहभागिता बढाऔँ।
- शिक्षा र भौतिक पूर्वाधारमार्फत समुदायलाई सशक्त बनाऔँ।
- सरकारी तथा सार्वजनिक संरचनाको संरक्षण गरौँ र निर्माण मापदण्ड अपनाऔँ।

**मेलम्ची नगरपालिका**
**नगरपालिकाको कार्यालय,**
**सिन्धुपाल्चोक**

# सडक खुलाउन तीव्र प्रयास

**जनतापत्र, चौतारा**

अविरल वर्षासँगै आएको बाढी, पहिरो र लेदोका कारण अवरुद्ध बनेका लप्तु खोला, सुन खोला, घुन्ना बेंसी तथा कातिके ढाडेन क्षेत्रका सडक पुनः सञ्चालनमा ल्याउन सम्बन्धित निकायले तीव्र रूपमा काम अघि बढाएका छन् । सडक अवरुद्ध हुँदा स्थानीय बासिन्दा, यात्रु, बिरामी तथा दैनिक उपभोग्य वस्तु ढुवानीमा समस्या उत्पन्न भएपछि स्थानीय तह, सडक डिभिजन कार्यालय र सुरक्षा निकायको समन्वयमा सडक खुलाउने अभियान सञ्चालन गरिएको हो ।

लगातारको वर्षाले पहाडी क्षेत्रमा ठूलो परिमाणमा माटो र ढुंगा सडकमा खसेपछि यातायात सेवा पूर्ण रूपमा प्रभावित भएको थियो । कतिपय स्थानमा खोलाको बहाव बढेकाले सवारी आवागमन पूर्ण रूपमा रोकिएको थियो भने केही स्थानमा पहिरोका कारण सडक नै पुरिएको अवस्था देखिएको थियो । यसले विद्यालय जाने विद्यार्थी, बिरामी बोकेका एम्बुलेन्स, कृषि उत्पादन ढुवानी गर्ने किसान तथा यात्रु सबैलाई कठिनाइ भएको थि यो ।सडक खुलाउन बिहानैदेखि डोजर, एक्साभेटर तथा अन्य भारी उपकरण परिचालन गरिएको छ । पहिरो हटाउने, सडक सम्याउने, पानीको निकास मिलाउने तथा जोखिमयुक्त ढुंगा हटाउने काम एकैसाथ भइरहेको सम्बन्धित निकायले जनाएको छ । केही सडकखण्डमा एकतर्फी रूपमा सवारी सञ्चालन सुरु भए पनि पूर्ण रूपमा सुरक्षित बनाउन थप काम आवश्यक रहेको प्राविधिकहरूको भनाइ छ । स्थानीय जनप्रतिनिधिहरूले वर्षायाममा सडक अवरुद्ध हुने समस्या दोहोरिने भएकाले दीर्घकालीन समाधान आवश्यक रहेको बताएका छन् । उनीहरूका अनुसार पहिरो नियन्त्रण, ढल निकास सुधार, पर्खाल निर्माण तथा नियमित मर्मतलाई प्राथमिकता दिन सके सडक धेरै सुरक्षित बनाउन सकिन्छ ।प्रशासनले अझै केही दिन वर्षा जारी रहने सम्भावना भएकाले अत्यावश्यक कामबाहेक यात्रा नगर्न र यात्रा गर्नै परे मौसम तथा सडकको अवस्था बुझेर मात्रै यात्रा गर्न आग्रह गरेको छ । जोखिमयुक्त क्षेत्रमा सतर्कता अपनाउन तथा आपत्कालीन अवस्थाको जानकारी तत्काल सम्बन्धित निकायलाई दिन पनि अनुरोध गरिएको छ ।



स्थानीयवासीले सडक छिट्टै सञ्चालनमा आएपछि राहत महसुस गरेका छन् । उनीहरूका अनुसार ग्रामीण सडक सञ्चालनमा आएपछि खाद्यान्न, औषधि, निर्माण सामग्री तथा कृषि उत्पादनको ढुवानी सहज हुनेछ । साथै बिरामीलाई अस्पताल पुऱ्याउन र विद्यार्थीलाई विद्यालय जान पनि सहज हुने अपेक्षा गरिएको छ ।

वर्षायाममा बारम्बार सडक अवरुद्ध हुनु सिन्धुपाल्चोकका धेरै ग्रामीण क्षेत्रको साझा समस्या बनेको छ । त्यसैले स्थानीयवासीले तत्काल सडक खुलाउने कामसँगै दिगो पूर्वाधार निर्माणमा सरकारको ध्यान जानुपर्ने आवश्यकता औंल्याएका छन् ।

# राति सवारीमा रोक

**जनतापत्र, चौतारा**

**प्रहरीले वर्षायामभर नागरिकलाई प्रशासनका सूचना पालना गर्न, मौसमको पूर्वानुमान हेरेर मात्र यात्रा गर्न, जोखिमयुक्त क्षेत्रमा अनावश्यक भीड नगर्न तथा कुनै पनि आपत्कालीन अवस्था देखिए तुरुन्त नजिकको प्रहरी कार्यालयमा खबर गर्न अनुरोध गरेको छ। सामूहिक सतर्कता र सबै निकायबीचको सहकार्यबाट मात्र विपद्को क्षति न्यूनीकरण गर्न सकिने प्रहरीको निष्कर्ष छ।**

वर्षायाममा बढ्दो प्राकृतिक विपद् का कारण नागरिकको जिउधनको सुरक्षा सुनिश्चित गर्न जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकले जोखिमयुक्त सडकमा रातिको समयमा सवारीसाधन सञ्चालनमा रोक लगाउने निर्णय गरेको छ। बाढी, पहिरो, सडक भासिने, ढुंगा खस्ने तथा अत्यधिक वर्षाका कारण दुर्घटनाको जोखिम बढेपछि प्रहरीले यस्तो निर्णय लागू गरेको जनाएको छ। नागरिकको सुरक्षालाई पहिलो प्राथमिकतामा राख्दै वर्षायामभर विशेष सुरक्षा योजना कार्यान्वयन गरिएको प्रहरीको भनाइ छ।जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक (एसपी) काजीकुमार आचार्यले सञ्चारकर्मीसँगको अन्तरक्रिया कार्यक्रममा वर्षायाममा देखिने प्राकृतिक जोखिम, प्रहरीको तयारी तथा अपनाइएका सुरक्षा उपायबारे जानकारी दिएका थिए। उनले सिन्धुपाल्चोक पहाडी भू-भागमा रहेको जिल्ला भएकाले वर्षा सुरु भएसँगै सडक दुर्घटनाको जोखिम अत्यधिक बढ्ने गरेको उल्लेख गर्दै नागरिकलाई अनावश्यक जोखिम नलिन आग्रह गरे।

प्रहरीका अनुसार राति १० बजेदेखि बिहान ५ बजेसम्म पहिरो, बाढी तथा ढुंगा खस्ने जोखिम भएका सडकमा सवारी सञ्चालन रोकिएको छ। रातिको समयमा दृश्यता कम हुने, लगातार वर्षा भइरहने र सडकको अवस्था सहज रूपमा अनुमान गर्न नसकिने भएकाले दुर्घटनाको सम्भावना बढ्ने हुँदा यस्तो व्यवस्था गरिएको हो। अत्यावश्यक अवस्थाबाहेक रातिको यात्रा नगर्न र यात्रा गर्नैपरे मौसम तथा सडकको अवस्थाबारे जानकारी लिएर मात्र यात्रा गर्न चालक तथा यात्रुलाई आग्रह गरिएको छ।

